# गढीमाई नगरपालिका

# GADHIMAI MUNICIPALITY

## नगर कार्यपालिकाको कार्यालय

### OFFICE OF THE MUNICIPAL EXECUTIVE

**समनपुर, रौतहट**

Samanpur, Rautahat

**प्रदेश नं.२ नेपाल**

Province No.2, Nepal

पत्र संख्या/Ref.No. :- ०७७/०७८ मिति/Date :–२०७७०७२६

चलानी नं./Dispatch No. :– ११५२

**विषय :–सुरक्षित नागरिक आवास कार्यक्रमको फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !**

सघन शहरी तथा भवन निर्माण आयोजना वीरगंज, पर्साको च.नं.२४८/०७७।०७८ मिति २०७७।०७।०३ को पत्रानुसार तथा सुरक्षित नागरिक आवास प्रदेश समन्वय समितिको मिति २०७७।०६।२८ गते बसेको बैठकको निर्णय अनुसार नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन, २०७५ वमोजिम उपयूक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपुर्ति गर्न गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहिन भएका घरपरिवारहरुले सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका निर्माण सामग्री खरिदको लागि र गरिबीको रेखामुनी रहेका, पराल वा खरका छाना भएका घरपरिवाहरुलाई जस्तापाताको छानामुनी ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालनमा रहेको हुनाले **"सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५"** अनुसार यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र सम्बन्धित वडा कार्यालयको क्षेत्र भित्र बसोवास गर्ने उपरोक्त अनुसारका घरधनीहरुले वडा कार्यालयबाट निशुल्क रुपमा निवेदनको नमुना प्राप्त गरी आवश्यक विवरण भरी वडा कार्यालयमा बुझाउनु हुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ । साथै म्याद नाघी प्राप्त भएका निवेदन उपर कुनै किसिमको कारवाही हुने छैन ।

नागेन्द्र यादव

नि.प्रमुख प्रशासकीय अधिकृत

नागेन्द्र यादव
नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**

१. वडा कार्यालय तथा वडा अध्यक्षज्यूहरु सबै, गढीमाई नगरपालिका समनपुर, रौतहट

२. सघन शहरी तथा भवन निर्माण आयोजना वीरगंज, पर्सा

(निशुल्क निवेदन)

श्री गढीमाई नगरपालिका

......नं. वडा कार्यालय........................ मिति : २०७७ ।

विषय : सुरक्षित नागरिक आवास निर्माण सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत त्यस गढीमाई नगर कार्यपालिकाको कार्यालयबाट मिति २०७७०७२६ मा प्रकाशित सूचना बमोजिम सुरक्षित नागरिक आवास कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा ३ र ४ को लक्षित वर्ग एवं लाभग्राहीको छनौटका आधारहरु भित्र आफु पनि पर्ने भएकोले मेरो पनि घरको स्थलगत निरीक्षण गरी मेरो घर परिवारलाई जस्तापाताको छानामुनी ल्याउने गरी बसोवासको व्यवस्था मिलाइदिनु हुनको लागि तपसिलका कागजातहरु यसै निवेदनसाथ संलग्न गरी यो निवेदन पेश गरेको छु । मैले पेश गरेको प्रमाणहरु सही छ झुठा ठहरे कानून बमोजिम सहुँला बुझौंला ।

तपशिल :

| क.सं. | संलग्न कागजातहरुको विवरण | कैफियत |
|---|---|---|
| १. | नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि । | छ ☐ छैन ☐ |
| २. | लाभग्राही बसोवास गर्दै आएका घरको छाना/ पराल/खर स्याउला/आसवेसटस आदि आगो , पानी तथा हुरीवाट सहजै प्रभावित हुन सक्ने सामग्रीवाट छाएको प्रमाणित प्रतिलिपी । | छ ☐ छैन ☐ |
| ३. | गरिबीको रेखामुनी रहेका आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार भएको प्रमाणित प्रतिलिपी । | छ ☐ छैन ☐ |
| ४. | जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा विजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपी । | छ ☐ छैन ☐ |
| ५. | विगत देखि त्यस स्थानमा स्थाई बसोवास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपी । | छ ☐ छैन ☐ |
| ६. | प्रकोपका कारण घरवारविहिन भएको हकमा जिल्ला विपद व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रमाणित प्रतिलिपी । | छ ☐ छैन ☐ |
| ७. | गरिवीको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा सम्बन्धित स्थानीय तहको सिफारिसको प्रमाणित प्रतिलिपी । | छ ☐ छैन ☐ |
| ८. | विवरण खुल्ने अन्य कुनै प्रमाण भए सोको प्रमाणित प्रतिलिपी । | छ ☐ छैन ☐ |

निवेदकको

सही :

नाम ,थर :

बुबा, पति, पत्नीको नाम :

बाजे, ससुराको नाम :

जिल्ला :

गढीमाई न.पा. वडा नं. ........

गाउ/टोल :

सम्पर्क मोबाइल नं.:

| निवेदकको औठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

***नोट :*** *एउटै चुल्होमा पकाएर खाना खाने तथा एउटै घरको छाना मुनी बस्ने परिवारका सबै सदस्यहरुलाई सगोलका परिवार मानिनेछ । खाना पकाउने अर्को चुल्हो भएको र छुटिएर अर्को घरमा बसेकाहरुलाई सगोलका परिवार मानिदैन । एउटा सगोलको परिवारले एउटा फर्म मात्र भर्न पाइन्छ । झुटो विवरण पेश गरेको पाइएमा सो कार्यक्रमबाट बंचित गरी कानूनी कारवाही गरिनेछ ।*